नेपाल सरकार

गृह मन्त्रालय

# राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

पत्र संख्याः
चलानी नं.:

सिंहदरबार, काठमाडौं
नेपाल ।

## सतर्कताका लागि अनुरोध

जल तथा मौसम विज्ञान विभागका अनुसार भोलि मिति २०८३ वैशाख १६ गते बुधबार **कोशी प्रदेशको मोरङसहित आसपासका जिल्ला, मधेश प्रदेशका धनुषा र बारासहित आसपासका जिल्ला, लुम्बिनी प्रदेशका बर्दिया, बाँके, दाङ र अर्घाखाँचीसहित आसपासका जिल्ला र सुदूरपश्चिम प्रदेशका डडेलधुरा र डोटीसहित आसपासका जिल्लामा तीव्र गतिको हावाहुरी चल्ने सम्भावना** छ।

विभागका अनुसार यी स्थानमा भोलि १६ गते बुधबार साँझ ५:४५ बजे हुरी सुरु भई पर्सि १७ गते बिहान ७:४५ बजेसम्म रहने अनुमान छ। त्यसैगरी, मेघगर्जन/चट्याङ्ग/हावाहुरी/असिना सहित पानी पर्ने प्रणाली पश्चिमदेखि क्रमशः पूर्वतिर सर्दै जाने सम्भावना पनि रहेको छ।

तीव्र हावाहुरीका कारण रुख ढल्ने, कमजोर संरचना ढल्ने, छाना उड्ने, विद्युत तथा सञ्चार सेवा प्रभावित हुने लगायतका जोखिम रहन्छ। तसर्थ, यी स्थानमा रहने वा उक्त समयावधिमा तहाँ जाने सबैले सावधानी अपनाउनु हुन अनुरोध गरिन्छ। हावाहुरी चलेको बेला देहायका कुरामा ध्यान दिनुहुन अनुरोध छ।

* सकेसम्म घरबाहिर हिँडडुल नगर्ने।
* घरको झ्यालढोका राम्रोसँग बन्द गर्ने।
* जस्तालगायतबाट बनेको छानो कमजोर छ भने बन्धन बलियो बनाउने।
* घरबाहिर आगो नबाल्ने, घरभित्र पनि आगो बाल्दा सावधानी अपनाउने।
* लड्न सक्ने कमजोर संरचना, अग्ला रुख, खम्बा नजिक र बिजुलीको तारमुनि नबस्ने।
* बिजुलीको तार लत्रिएको छ भने नछुने।
* उडाएर आएको सामानबाट चोट लाग्ने जोखिम हुने भएकोले चनाखो रहने।

यसका साथै जल तथा मौसम विज्ञान विभागबाट जारी हुने मौसमसम्बन्धी पूर्वानुमान र यस प्राधिकरणबाट जारी हुने सूचना नियमित रुपमा जानकारीमा राखी आवश्यक सतर्कता अपनाउनु हुन समेत अनुरोध छ।

*मितिः २०८३/०१/१५ गते, मंगलबार*

(शान्ति महत)
प्रवक्ता/उपसचिव

फोनः ०१-४२११११९७, ४२१११९५, ४२११४८३, टोल फ्रिः ११४९, इमेलः ndrrma@gmail.com, info@bipad.gov.np, URL:www.ndrrma.gov.np